# स्थानीय राजपत्र

भाग-२ खण्ड २ संख्या ९

## बागलुङ नगरपालिकाद्वारा प्रकाशित

## नगरस्तरीय खेलकुद विकास तथा व्यवस्थापन कार्यविधि-२०७५

अनुसूची २

(दफा ४ तथा अनुसूची १ को भाग-२ संग सम्बन्धित)

बागलुङ नगरपालिका

# स्थानीय राजपत्र

खण्ड २ संख्या ९, २०७५ चैत्र १७

**भाग–२**

# बागलुङ नगरपालिका

## बागलुङ

# नगरस्तरीय खेलकुद विकास तथा व्यवस्थापन कार्यविधि- २०७५

## प्रस्तावना :

युवा तथा खेलकुदको विकास देश विकासको महत्वपुर्ण आधार हो भन्ने तथ्यलाई आत्मसात गर्दै खेलकुदको माध्यामवाट दक्षजनशक्तिउत्पादनगर्नका लागि “स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद” भन्ने मुल नाराका साथ नगर क्षेत्रको युवा विकासलाई संस्थागत गरी सदाचार, शिष्टाचार र नैतिकता, राष्ट्रिय एकतामा आवद्ध गर्दै खेलकुद प्रणालीलाई व्यवस्थित र

प्रभावकारी तवरले सञ्चालन गर्न वाञ्छनीय भएकोले आधारित गुणस्तरयुक्त खेलकुदशिक्षाको विकास र प्रबर्द्धन गर्न बाञ्छनीय भएकोलेस्थानीय सरकार सञ्चालन ऐन-२०७४ को दफा-११ को उपदफा ४ (क) र दफा १०२(२) बमोजिम बागलुङ नगर कार्यपालीकाले यो कार्यविधिबनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक :

**१.संक्षिप्तनाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम"खेलकुद विकास तथा व्यवस्थापनकार्यविधि-२०७५" रहेको छ ।

(२) यो कार्यविधिनगर कार्यपाालिकाले स्विकृत गरी स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि प्रारम्भ हुनेछ ।

**२. परिभाषा :**विषयवा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

क) ऐन भन्नाले-स्थानीय सरकार सञ्चालनऐन-२०७४ लाई सम्झनु पर्दछ ।

ख) कार्यविधि भन्नाले- खेलकुद विकास तथा व्यवस्थापन कार्यविधि-२०७५ सम्झनु पर्दछ ।

ग) नगर खेलकुद विकास समितिभन्नाले- यस कार्यविधिको दफा ८ बमोजिम गठन भएको समितिलाई सम्झनु पर्दछ ।

**३.कार्यविधिको उद्देश्य :**

१) स्थानीयस्तरका खेलकुद संरचनाको पूर्वाधार निर्माण, सञ्चालनतथाविकास गर्ने,

२) स्थानीयस्तरको खेलकुदप्रशासनतथा संघ संस्थाको नियमन र समन्वयगर्ने,

३) खेलकुदको विकास र प्रबर्द्धन गर्ने,

४) नगरपालिकाको कार्य जिममेवारीमा रहेका नगर जिल्ला तथा अन्य विभिन्न राष्ट्रिय खेलकुदप्रतियोगिताआयोजना र सहभागीतागर्ने गराउने,

## परिच्छेद-२
## कार्य सञ्चालनगर्ने क्षेत्र

**५. कार्यक्षेत्रः**(१) नगरस्तरीय खेलकुद विकास, व्यवस्थापन तथा सञ्चालनको कार्यक्षेत्र बागलुङ नगरपालीकाहुनेछ । तर नगरपालिकाबागलुङ सदरमुकाममा रहेकोले अवस्था र आवश्यकताअनुसार छिमेकी नगर तथा गाउँपालिकाहरुमा समेत समन्वयात्मक रुपमा खेलकुद कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

२) खेलकुद विकास, व्यवस्थापन तथा संयोजन र सञ्चालनको प्रकृति देहायबमोजिमहुनेछ :-

क) वडास्तरीय खेलकुद कार्यक्रम

ख) नगरस्तरीय खेलकुद कार्यक्रम

ग) मेयर कप प्रतियोगिता कार्यक्रम

घ) जिल्ला तथा प्रदेशस्तरीय खेलकुद कार्यक्रम

ङ) राष्ट्रियस्तरका खेलकुद कार्यक्रम कार्यक्रम

च) राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता

छ) मेयर कप प्रतियोगिता

ज) नगरपालिकाले सञ्चालन गर्नुपर्ने खेलकुदसंग सम्बन्धित अन्य विभिन्न कार्यक्रमहरु

६. **लागत साझेदारी :**खेलकुद सम्बन्धी कार्यक्रमहरुको आयोजना व्यवस्थापन तथा सञ्चालन गर्दा लागत साझेदारीका आधारमा समेत सञ्चालनगर्न सकिनेछ ।

## परिच्छेद-३

## नगर खेलकुदविकास समितिको गठन, काम,कर्त्तव्य र अधिकार

७. **समितिको गठनः** बागलुङ नगरपालिकामा खेलकुदको विकास, व्यवस्थापन र सञ्चालनगर्नकालागि देहायमा लेखिए बमोजिमको प्रक्रियाबाट नगर प्रमुखको प्रमुख संरक्षकत्वमा ३१सदस्यीय एक नगर खेलकुदविकास समितिको गठन हुनेछ :-

क) खेलकुदको क्षेत्रमा विशिष्ठ योगदान पुऱ्याएको व्यक्तिहरु मध्येबाट नगर प्रमुखले मनोनित गरेको- अध्यक्ष- १

ख) अध्यक्ष सहित कुल ३१ जना सदस्यहरुले आफु मध्येबाट मनोनित गरेको उपाध्यक्ष, (महिला) १ ख) अध्यक्ष सहित कुल ३१ जना सदस्यहरुले आफु मध्येबाट मनोनित गरेको कोषाध्यक्ष १

ख) नगरका वार्ड समितिले छनौटगरी पठाएका१/१ जना सदस्य - १४

ग) खेलकुदको क्षेत्रमा विशिष्ठ योगदान पुऱ्याएका वा जिल्लास्थित विभिन्न खेलसँग संबन्धित संघ संस्थामा रही कार्यगरेका व्यक्तिहरु मध्येबाट नगर कार्यपालिकाले मनोनित गरेका सदस्य- ५

घ) आदीवासी/जनजाती,महिला, दलित तथा अल्पसंख्यक समुदाय, फरक क्षमता तथा सिमान्तीकृत वर्गको समेत संलग्नता रहने गरी नगर कार्यपालिकाले मनोनित गरेका सदस्य-४

ङ) खेलकुदसंग सम्बन्धित महिलाहरु मध्येवाट नगरपालिकाले मनोनित गरेका महिला सदस्य ६

च) युवा तथा शिक्षा शाखाका प्रमुख वा अधिकृत सदस्य सचिव १

छ) अध्यक्ष सहित कुल ३१जना सदस्यहरुले आफु मध्येबाटउपाध्यक्ष,(महिला) र कोषाध्यक्षको निर्वाचन गर्नेछन् ।

ज) समितिमा नगरपालिकासंग सम्बन्धित कुनैपनि कर्मचारीहरु छनौट गर्न पाईनेछैन ।

## ८. समितिको काम, कर्त्तव्य र अधिकार :

क) नगर क्षेत्रभित्रका विभिन्न विधामा खेलकुद व्यवस्थापन र सञ्चालन गर्ने,

ख) खेलकुद सम्बन्धिनीति, योजना, बार्षिक कार्यक्रम, प्रगतिविवरण, बार्षिक बजेट तर्जुमा गरी स्विकृतिकालागिनगर कार्यपालिकामा पेश गर्ने गराउने,

ग) खेलकुदको विकास र प्रबर्द्धनकालागि सरोकारवाला निकाय, संघ संस्था, व्यक्तिहरुसँग आवश्यक समन्वयगर्ने,

घ) स्थानीयस्तरमा आर्थिक श्रोत जुटाउन आवश्यक पहलगर्ने,

ङ) प्रचलित कानून वमोजिम समितिको लेखापरिक्षण गराउने । लेखा परिक्षणको वार्षिक प्रतिवेदन कार्यपालिका समक्ष पेशगर्ने ।

च) समितिको अर्ध वार्षिक र बार्षिक प्रगति प्रतिवेदन नगर कार्यपालिकामा पेश गर्ने ।

छ) समितिका सदस्यहरु सामुहिक रुपमा बागलुङ नगरपालिकाप्रति उत्तरदायी रहनेछन ।

ज) खेलकुद विकाससंग सम्बन्धित अन्य विभिन्न कार्यहरु गर्ने, गराउने,

## ९. समितिको बैठक संम्बन्धि कार्यप्रणाली :

क) समितिको बैठक आवश्यकताअनुसार बस्नेछ ।

ख) समितिको बैठक अध्यक्षले तोकेको स्थान, मिति र समयमा बस्नेछ ।

घ) बैठकको अध्यक्षता समितिको अध्यक्ष र अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले र उपाध्यक्ष पनि अनुपस्थित भएको अवस्थामा उपस्थित सदस्य मध्ये जेष्ठ सदस्यले वैठकको अध्यक्षता गर्नेछ ।

ङ) कम्तिमा ५१ प्रतिशत सदस्यउपस्थितभएमा बैठकको गणपुरक संख्यापुगेको मानिनेछ ।

च) समितिको बैठकमा बहुमतको निर्णय मान्यहुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षतागर्ने व्यक्तिले निर्णायकमतदिनेछ ।

छ) समितिको बैठकको निर्णय छुट्टै निर्णय पुस्तिका (माईन्युट बुक) माअभिलेख गरिनेछ र अध्यक्षतागर्ने व्यक्तिबाट प्रमाणित गरिनेछ ।

**११. वार्डस्तरीय समितिको गठन :**बागलुङ नगरपालिकाका सबै वडाहरुमा खेलकुदको विकास, व्यवस्थापन र सञ्चालन गर्नका लागि देहायबमोजिमको प्रक्रियाबाट वडाध्यक्षको प्रमुख संरक्षकत्वमा ११ सदस्यीय एक वडास्तरीय खेलकुद विकास समितिको गठन हुनेछ :-

क) वडाध्यक्ष वा निजले तोकेको खेलकुदसँग संबन्धित वडावासी लब्धप्रतिष्ठित व्यक्तिहरु मध्येवाट अध्यक्ष - १

ख) वार्ड क्षेत्रभित्रका खेलकुदसँग संबन्धित वडावासी नागरिकहरु मध्येबाट वडा समितिले मनोनित गरेका सदस्य- ३

ग) खेलकुदको क्षेत्रमा विशिष्ठ योगदान पुऱ्याएका खेलकुदसँग सम्बन्धित संघ संस्थामा रही काम गरेका वडावासीहरु मध्येबाटभेलाले छनौट गरेका सदस्य- ६

ङ) वडा सचिव -सदस्य-सचिव,

च) अध्यक्ष सहित कुल ११ जना सदस्यहरुले आफु मध्येबाट आवश्यकता अनुसारका उपाध्यक्ष, (महिला) र कोषाध्यक्षको निर्वाचन गर्ने छन् ।

छ) समितिमा ३३ प्रतिशत महिला सहभागिता हुनु पर्नेछ ।

ज) समितिमा नगरपालिकासंग सम्बन्धित कुनैपनि कर्मचारीहरु छनौट गर्न पाईनेछैन ।

## १२. वडा समितिको काम,कर्त्तव्य र अधिकार :

क) वडा क्षेत्रस्तरमा विभिन्न विधामा खेलकुद कार्यक्रम सञ्चालन र व्यवस्थापन गर्ने ।

ख) खेलकुद सम्बन्धि नीति, योजना, बार्षिक कार्यक्रम, प्रगति विवरण, बार्षिक बजेट तर्जुमा गरी स्विकृतिका लागि वडा कार्यालयमा पेश गर्ने ।

ग) खेलकुदको विकास र प्रबर्द्धनकालागि सरोकारवाला निकाय, संघसंस्था, व्यक्तिहरुसँग आवश्यक समन्वय गर्ने,

घ) स्थानीयस्तरमा आर्थिक श्रोत जुटाउन आवश्यक पहल गर्ने,

ङ) वार्डस्तरीय खेलकुद कार्यक्रमहरु सञ्चालन गर्ने गराउने,

## १३. वडास्तरीय समितिको बैठक संबन्धि कार्यप्रणाली :

क) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

ख) समितिको बैठक अध्यक्षले तोकेको स्थान, मिति र समयमा बस्नेछ ।

ग) बैठकको अध्यक्षता समितिको अध्यक्ष र निजको अनुपस्थितिमा समितिले आफु मध्येबाट तोकेको सदस्यले गर्नेछ ।

घ) कम्तिमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा बैठकको गणपुरक संख्या पुगेको मानिनेछ ।

ङ) समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

च) समितिको बैठकको निर्णय छुट्टै निर्णय पुस्तिका (माईन्युट बुक) मा अभिलेख गरिनेछ र अध्यक्षता गर्ने व्यक्तिबाट प्रमाणित गरिनेछ ।

## परिच्छेद-४

## समितिका पदाधिकारीहरुको काम,कर्त्तव्य र अधिकार :

**१४. समितिका अध्यक्षको काम, कर्त्तव्य र अधिकार :** (१) नगरस्तरीय खेलकुद विकास समितिका अध्यक्षको काम, कर्त्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

क) आवश्यकता अनुसार बैठक आह्वान गर्ने र बैठकको अध्यक्षता गर्ने,

ख) नगर क्षेत्र र कार्यजिममेवारी अनुसार विभिनन तहका विभिन्न खेलकुद सम्बन्धी कार्यक्रमहरु सञ्चालन र व्यवस्थापन गर्ने ।

ख) खेलकुद सम्बन्धि नीति, योजना, बार्षिक कार्यक्रम, प्रगति विवरण, बार्षिक बजेट तर्जुमागरी स्विकृतिका लागि नगर कार्यपालिकामा पेश गर्न लगाउने,

ग) खेलकुदको विकास र प्रबर्द्धनकालागि सरोकारवाला निकाय, संघसंस्था, व्यक्तिहरुसँग आवश्यक समन्वय गर्ने, गराउने,

घ) स्थानीयस्तरमा आर्थिक श्रोत जुटाउन आवश्यक पहल गर्ने,

ङ) वार्डस्तरीय खेलकुद कार्यक्रमहरु सञ्चालन गर्ने गराउने ।

च) समितिबाट भए गरेका निर्णयहरु कार्यान्वयन गर्ने, गराउने,

छ) समितिबाट भए गरेका गतिविधिहरुको बार्षिक, अर्धबार्षिक रुपमा समिक्षा गर्ने गराउने,

ज) समितिका अन्य पदाधिकारीहरुको राजिनामा स्वीकृती गर्ने ।

झ) अध्यक्षले आफ्नो अधिकारको प्रयोगगर्दा आवश्यकता अनुसार प्रमुख संरक्षकबाट सुझाब लिने,

ञ) समितिका अध्यक्षले यस कार्यविधि बमोजिम आफुलाई प्राप्त अधिकारहरु मध्ये आवश्यकता अनुसार केही अधिकारहरु समितिका पदाधिकारी तथा अन्य सदस्यलाई प्रत्यायोजन गर्न सक्नेछ

ट) अन्य भैपरि आएका विभिन्न कार्यहरु गर्ने, गराउने,

**१५. उपाध्यक्षको काम, कर्त्तव्य र अधिकार :** नगरस्तरीय खेलकुद विकास समितिका उपाध्यक्षको काम, कर्त्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

क) अध्यक्षको अनुपस्थितिमा अध्यक्ष भईवैठक सञ्चालन गर्ने ।

ख) अध्यक्षको काममा सहयोग गर्ने ।

ग) अन्य भैपरि आएका विभिनन कायहर्रु गर्ने ।

**१६. सचिवको काम, कर्त्तव्य र अधिकार :** (१) नगरस्तरीय खेलकुद विकास समितिका सचिवको काम, कर्त्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

क) समितिको प्रशासकीय प्रमुखको हैसियतमा काम गर्ने,

ख) समितिको आन्तरिक तथा बाह्य व्यवस्थापनका लागि आवश्यक पर्ने वस्तु तथा सेवा खरिद गर्ने, गराउने,

ग) समितिलाई आवश्यक पर्ने सूचना तथा विवरण संकलन गर्ने, गराउने,

घ) समिति तथा समितिका अध्यक्षले समय समयमा दिएका वा गरेका निर्णय, निर्देशनहरु कार्यान्वयन गर्ने, गराउने,

ङ) समिति तथा अध्यक्षप्रति पूर्णरुपमा उत्तरदायी रहने,

च) अध्यक्षसँग आवश्यक परामर्श लिई समितिबाट निर्णय हुनुपर्ने बिषयमा प्रस्ताब तयार गरी समितिको बैठकमा पेश गर्ने,

छ) समितका प्रशासकीय श्रेस्ताहरु र माईन्युट चुस्तदुरुस्त राख्ने,

ज) सरोकारवाला निकाय, संघसंस्था, व्यक्तिहरुसँग आवश्यक समन्वय गर्ने, गराउने,

झ) समितिबाट जारी गर्नुपर्ने सूचना तथा पत्राचार गर्ने,

ञ) नगरपालिकाबाट सञ्चालन हुने खेलकुद कार्यक्रमहरुको व्यवस्थापन र सञ्चालन गर्न आवश्यक पहलकदमी लिने,

ट) समिति वा समितिका अध्यक्षले तोके बमोजिमका अन्य भैपरि आउने कार्यहरु गर्ने, गराउने,

ठ) प्रतिवेदन तयार गरी पेश गर्ने ।

**१७. कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :**(१) नगरस्तरीय खेलकुद विकास समितिका कोषाध्यक्षको काम, कर्त्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

क) नगरस्तरीय खेलकुद विकास समितिकोलागि बागलुङ नगर कार्यपालिका लगायत अन्य संघ संस्था र निकायबाट प्राप्त हुन आउने कोषको सञ्चालन गर्ने,

ख) समितिको आय-व्ययको हिसाब राख्ने,

ग) समितिको चल-अचल (जिन्सी ) सम्पत्तिको अभिलेख राख्ने,

घ) बार्षिक आय-व्यय विवरण तर्जुमा गरि समितिबाट अनुमोदन गराई समितिमा स्विकृतिका लागि पेश गर्ने र फरफारकको लागि नगर कार्यपालिका लगायत संबन्धित निकायमा प्रस्तुत गर्ने,

ङ) बार्षिक लेखापरिक्षण प्रतिवेदन तयार गराई समितिमा र नगर कार्यपालिकामा पेश गर्ने,

च) अन्य भैपरि आएका विभिन्न कार्यहरु गर्ने, गराउने,

## परिच्छेद-५

## सचिवालय संबन्धि व्यवस्था :

**१८. नगरस्तरीय खेलकुद विकास समितिको सचिवालय :** नगरस्तरीय खेलकुद विकास समिति र सचिवालयको कार्यालय बागलुङ नगर कार्यपालिकाको कार्यालयले तोकेको स्थानमा रहनेछ ।

**२०. कोषको स्थापना र परिचालन:** (१) नगरस्तरीय खेलकुद विकास समितिको नामबाट एउटा छुट्टै कोषको स्थापना गरि कुनैएक बैंकमा खाता खोलिनेछ ।

(२) कोषको सञ्चालन अध्यक्ष, कोषाध्यक्ष र सदस्य-सचिवमध्ये कुनै २ जनाकोसँयुक्त दस्तखतबाट गरिनेछ ।

(३) वडा तथा नगरस्तरीय खेलकुद कार्यक्रम सञ्चालन गर्दा नगर कार्यपालिकाको निर्णयानुसार कुल रकमको २० प्रतिशत रकम कट्टा गरिनेछ र त्यसरी गरिएको रकम नगरस्तरीय समितिको कोष खातामा जम्मा हुनेछ ।

(४) वुंदा नं ३ अनुसारको रकम मध्ये ७५ प्रतिशत रकम नगरस्तरीय समितिमा राखि र २५ प्रतिशत रकम वडास्तरीय समितिको कोष खातामा जम्मा गर्नु पर्नेछ ।

(५) यसरी जम्मा हुन आएको रकमवाट समितिको निर्णयानुसार समितिहरुले आफ्नो प्रशासनिक खर्च गर्न सक्नेछन ।

**२१. समितिको छाप :**नगरस्तरीय खेलकुद विकास समितिको नाममा एउटा छुट्टै छाप रहनेछ ।

## परिच्छेद-६
## विविध

**२२. बिशेष व्यवस्था:** यस कार्यविधिमा जुनसुकै व्यवस्था भएपनिजुनसुकै तहवा स्तरबाट खेलाडीहरुको छनौट गर्दा, रेफ्रीहरुको छनौट गर्दा वा योग्यता निर्धारण गर्दा र

खेलहरुको नियमहरु बनाउँदा खेलकुदविकास ऐनर खेलकुदविकास नियमबमोजिमको व्यवस्था अवलम्वन गरिनेछ ।

२३. **समन्वयको व्यवस्था :** खेलकुदको विकास र प्रबर्द्धनका लागि नगरस्तरीय खेलकुद विकास समितिले सरोकारवाला निकाय, संघ संस्थाहरुसँग आवश्यक समन्वय गर्नेछ ।

२६. **कार्यविधिमा संशोधन र हेरफेर :** नगर कार्यपालिकाले आवश्यक ठानेका वखतसमय सापेक्ष यस कार्यविधिमा आवश्यक संशोधन र हेरफेर गर्न सकिनेछ ।

प्रमाणिकरण
जनकराज पौडेल
नगर प्रमुख

प्रमाणिकरण मिति : २०७५।१२।१७ गते आईतवार

आज्ञाले
भीम बहादुर कुँवर
प्रमुख प्रशासकीय अधिकृत